श्री सरोकारवाला सबै

सिस्ने गाउँपालिका रुकुमकोट रुकुम (पूर्व) का युवाहरुले गाउँपालिकामा हुने काम कारबाहीमा असन्तुष्टि व्यक्त गर्दै गाउँपालिकामा ज्ञापन पत्र बुझाईएको भन्ने गोरखापत्र राष्ट्रिय दैनिकको मिति २०७५/०७/१७ र आहा संचार डटकम अनलाईन मिडियामा मिति २०७५/०७/१६ को समाचार प्रति सिस्ने गाउँपालिकाको ध्यान आकृष्ट भएको छ।

गाउँपालिकामा हुने काममा अनियमितता भएको कुनै पनि आयोजनाको उपभोक्ता समिति गठन गर्दा एकलौटी रुपमा गठन गरेको, एक व्यक्ति धेरै समितिमा राखिएको, गाउँपालिकाको प्रशासनिक काममा सेवाग्राहीलाई कर्मचारीले दु:ख दिने गरेको भनी युवाहरुले ज्ञापन पत्रमा उल्लेख गरेका भनिएका आरोपहरुमा सत्यता नभएको व्यहोरा सबैमा अनुरोध गर्दछौ। मुलुकको संघिय पुनर्संरचनासंगै जनताको घरदैलो नजिकबाट सरकार संचालन गर्ने पद्धतिलाई संस्थागत गरी प्रभावकारी सेवा प्रवाह गर्न गाउँपालिका प्रतिबद्ध छ र सोहि बमोजिम गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरु अहोरात्र खटिरहेको जाहेरै छ। गाउँपालिका हरेक गतिबिधि कानून, प्रक्रिया सम्मत, पारदर्शी रुपमा संचालन भैरहेका र सम्बन्धित सबै सरोकारवालासँग सहकार्य र साझेदारी गर्दै गाउँपालिका अडीकता साथ बिकास निर्माण र सेवा प्रवाहमा अघि बढिरहेको कुरा सबैमा अनुरोध गर्न चाहान्छौ।

सिस्ने गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को परिच्छेद-२ दफा-४ मा आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमै उपभोक्ता समिति गठन गर्नुपर्ने, समिति समावेशी हुनुपर्ने एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने लगायतका व्यवस्था उल्लेख रहेको र सो व्यवस्था कार्यान्वयनका लागि वडा स्तरमा निर्देशन गरिएको तथा सोहि बमोजिम भइ आएको व्यहोरा अवगत गराउँदै गाउँपालिका सेवा प्रवाहमा लागिरहेको व्यहोरा अनुरोध गर्न चाहान्छौ। कर्मचारीको अभाव, कार्यबोझ र सिमित श्रोतसाधानका बाबजुदपनि सार्वजनिक बिदाको दिन, कार्यालय समय बाहेक समेत सेवा प्रवाह गर्ने गरेको, बिधिसम्मत रुपमा आएका कुनै पनि काममा कर्मचारीले नियतबस दु:ख दिएको नभई प्रक्रिया पुऱ्याएर आउन सुझाउने गरेको व्यहोरा अनुरोध गर्दछौ।

अनाधिकृत रुपमा सामाजिक संजालमा गाउँपालिकाको मानमर्दन हुने गरी गरिएका भ्रमपूर्ण टिप्पणीहरुमा बिश्वास नगर्न र गाउँपालिकाको बिकास र समृद्धिका लागि रचनात्मक सुझावहरु भए गाउँपालिकामा उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौ।

अध्यक्ष

उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत